# आ. व. २०८२।०८३ को बजेट बक्तव्य

**आदरणीय सभाध्यक्षज्यू,सभाका सदस्यज्यूहरूः**

१. जलजला गाउँपालिकाको १९ औ अधिवेशनको बैठकमा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक विकास कार्यक्रम समेटिएको राजस्व र व्ययको अनुमान एवं बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

२. यस अवसरमा संङघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको लागि विभिन्न कालखण्डमा भएका राजनितिक आन्दोलनमा जीवन उत्सर्ग गर्ने सबै ज्ञात अज्ञात शहिदहरू प्रति भावपूर्ण श्राद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

३. विगत देखि हाल सम्मका विभिन्न नागरिक आन्दोलनको नेतृत्व गर्नु हुने सम्पूर्ण अग्रजहरूको योगदान प्रति उच्च सम्मान प्रकट गर्दछु । शहिद,वेपत्ता तथा घाइते परिवारप्रति उच्च सम्मान सहित घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना भई स्थानीय तहको दोस्रो कार्यकालमा निर्वाचित हामी जनप्रतिनिधिहरूले पदबहाली गरेको तिन वर्ष पुरा भएको छ । तिन तहको सरकार बिचको सहकार्य, सहअस्तित्व र समन्वयसँगै जनतामा नयाँ उत्साहको सञ्चार बृद्धि भएको छ ।

५. चालु आर्थिक वर्ष समेत तिन आर्थिक वर्षको हाम्रो कार्यकालबाट नागरीकहरूमा केही आशा र अवसर सिर्जना भएका छन । तथापी लक्ष्यबाट टाढा नै छौ । सुन्दर,समुन्त र व्यवस्थित जलजला गाउँपालिका निर्माणको महाअभियानमा सबै पक्षको रचनात्मक सार्थक सहभागितको अपेक्षा गरेको छु ।

६. सिमित स्रोत र साधनको अधिकतम उपयोग गरी जलजलाबासी आम समुदायको अपेक्षाहरू क्रमशः पुरा गर्नु  हाम्रो सामु चुनौतिपुर्ण बन्दै गइरहेको छ ।
७. मुलुकको अर्थतन्त्रमा देखिएका समस्या र चुनौतिका कारण अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत तोकिएको रकम समेत निकासा हुन नसक्दा र कानूनी बन्देजको कारण अनुमानित आन्तरिक आम्दानी संकलन हुन नसक्दा आशातित उपलब्धी हासिल गर्न नसेकको बेहोरा सबैमा अवगत नै छ ।
८. शासन व्यवस्था र शासकीय क्रियाकलापमा नागरिकको सहज पहुँच र सहभागिता बृद्धि भई स्थानीय सरकार प्रति नागरिकको विश्वास र अपनत्व बढदै गईरहेको छ । नागरिकको अपेक्षा अनुरूप सार्वजनिक सेवालाई घरदैलोमा पुराउने लक्ष्यमा आशातित प्रगति भईरहेको छ ।
९. आगामी बजेट नागरिकका प्राथामिक आवश्यकताको सम्बोधन गर्दै आर्थिक सामाजिक विकास स्वरोजगामूलक तथा लक्षित वर्ग केन्द्रित कार्यक्रम पर्यटन तथा पूर्वाधार विकासको माध्यमबाट दिगो समृद्धि हासिल गर्दै सुशासन सामाजिक न्याय र समृद्धि हासिल गर्ने दिशामा उन्मुख हुनेछ ।

**आदरणीय सभाध्यक्षज्यू,सभाका सदस्यज्यूहरूः**

अब म चालु आर्थिक वर्ष २०८१।०८२ को ज्येष्ठ मसान्त सम्मको आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

- चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको नगद मौज्दात र आन्तरिक आम्दानी समेत जम्मा रू ४ करोड २ लाख ३८ हजार अनुमान गरिएकोमा रू १ करोड ८४ लाख ३७ हजार ९ सय १० अर्थात ४५ दशमलब ८२ प्रतिशत मात्र राजस्व संकलन भएको छ ।
- त्यसै गरी चालु आर्थिक वर्षमा संघिय सरकारबाट वित्तिय समानीकरण अनुदान शर्शत अनुदान र विशेष अनुदान  समेतबाट जम्मा रू ३४ करोड ८७ लाख ३

हजार प्राप्त हुने अनुमान गरिएकोमा जम्मा रू ३१ करोड  २ लाख ८८ हजार ३ सय ४३ (अर्थात ८८ दशमलव ९८ प्रतिशत) मात्र प्राप्त भएको छ ।

- त्यस्तै प्रदेश तर्फको वित्तिय समानीकरण अनुदान समपुरक अनुदान र विशेष अनुदान बापत जम्मा रू २ करोड १८ लाख २६ हजार अनुमान गरिएकोमा जम्मा रू १ करोड ६८ लाख २६ हजार (अर्थात ७७ प्रतिशत) मात्र प्राप्त भएको छ ।
- संघ र प्रदेश दुबै तर्फको राजस्व बाँडफाँड बापत प्राप्त हुने जम्मा रू ९ करोड १६ लाख ४६ हजार अनुमान गरिएकोमा सो मध्ये जम्मा रू ७ करोड ४८ हजार ३ सय ८० (अर्थात ७६ प्रतिशत) मात्र प्राप्त भएको छ ।
- यसरी समानीकरण अनुदान,शशर्त अनुदान र राजस्व बाँडफाँडको लक्ष्य अनुरूपको बजेट प्राप्त हुन नसक्दा निर्धारित कार्यक्रमका लागि श्रोत अपर्याप्त भएकोले स्वीकृत भई सम्पन्न भएका सबै योजना तथा कार्यक्रमहरूमा भुक्तानी गर्न असहज भइ आगामी आर्थिक वर्षमा दायित्व सार्नु पर्ने भएको छ ।
- चाल आर्थिक वर्षको को ज्येष्ठ मसान्त सम्मको कार्यप्रगति अनुसार चालु खर्च तर्फ ७२ दशमलव ६९ प्रतिशत र पुँजीगत खर्च तर्फ ५२ दशमलव ९९ प्रतिशत गरी औषत ६७ दशमलव ३७ प्रतिशत प्रगति भएको छ ।

**आदरणीय सभाध्यक्षज्यू,सभाका सदस्यज्यूहरू:**

अब म आगामी आर्थिक वर्षको बजेटको उद्देश्य र प्राथामिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेटका उद्देश्य देहाय बमोजिम तय गरेको छु ।

(क) सिपयुक्त जनशक्तिको उत्पादन मार्फत रोजगारी सिर्जना र गरिबी निवारण गर्नु,

(ख) गुणस्तरिय एवं आधुनिक पुर्वाधार निर्माण गर्नु,

(क) सामाजिक सुरक्षा र सामाजिक संरक्षणको माध्यमबाट सामाजिक न्याय कायम गर्नु,

(ख) सभ्य,सुसंस्कृत एवं समतामुलक समाजको निर्माण गर्नु,

(ग) गुणस्तरिय सार्वजनिक सेवा र सुशासन कायम गर्नु,

बजेटका प्राथामिकता देहायबमोजिम छनः

(क) उद्यमशिलता,रोजगारी,उत्पादन र उत्पादकत्व बृद्धि,

(ख) गुणस्तरीय स्वास्थ्य र शिक्षा, खानेपानी तथा सरसफाई,लैङ्गिक समानता र सामाजिक समावेशीकरण मार्फत सामाजिक विकास,

(ग) सन्तुलित र गुणस्तरीय विकास र तहगत सहकार्य,

(घ) कृषि, पर्यटन, पुर्वाधार, उद्यमशिलता मार्फत आर्थिक विकास,

(ङ) गुणस्तरीय सेवा प्रवाह र सुशासन

**आदरणीय सभाध्यक्षज्यू,सभाका सदस्यज्यूहरू:**

अब म बजेटका क्षेत्रगत कार्यक्रम तथा विनियोजन पेश गर्दछु ।

कार्यालय सञ्चालान खर्च चालुः १० करोड

शाखा गत १० करोड २७ लाख

वडा गतः ४ करोड ५० लाख

दायित्व/साझेदारीः ४ करोड २५ लाख गरी कुल २९ करोड २ लाख रहेको छ।

शर्शत,समपुरक र विशेष अनुदान कार्यक्रम तर्फः ३० करोड ५२ लाख

उल्लेखित क्षेत्रगत विनियोजनबाट योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वय भई गाउँपालिकाको आर्थिक, सामाजिक एवं पूर्वाधार विकास पर्यटन प्रवर्द्धन तथा सुशासन र

संस्थागत विकासको सम्भावना उजागर भई समुदायमा आधारित समावेशी विकासको आधार खडा हुने अपेक्षा लिएको छु ।

**आदरणीय सभाध्यक्षज्यू,सभाका सदस्यज्यूहरू:**

१०.अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयको लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

११.आगामी आर्थिक वर्षको लागि कुल ५९ करोड ५४ लाख बजेट विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु खर्च तर्फ ३६ करोड ५६ लाख २२ हजार पुजिगत खर्च तर्फ २२ करोड ९७ लाख ७८ हजार प्रस्ताव गरेको छु ।

१२.आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोत मध्ये संघिय र प्रदेश सरकारको समानीकरण अनुदान रू ९ करोड २० बिस लाख, संघिय सरकारको राजस्व बाँडफाँड ७ करोड ९१ लाख ३९ हजार १ सय ४८ र प्रदेश सरकारको समानीकरण अनुदान १ करोड १६ लाख ७९ हजार, प्रदेश सरकारको राजस्व बाँडफाँड ९२ लाख ४६ हजार, संघिय सरकारको शर्शत अनुदान रू २६ करोड ५२ लाख, प्रदेश सरकारको शर्शत अनुदान रू २ लाख, संघिय सरकारको समपुरक अनुदान रू १ करोड ३३ लाख, संघिय सरकारको विशेष अनुदान रू १ करोड ६५ लाख, प्रदेश सरकारको समपुरक अनुदान रू ६० लाख, प्रदेश सरकारको विशेष अनुदान रु ४० लाख जुटाइने छ । समानीकरण अनुदान,राजस्व बाँडफाँड,शर्शत अनुदान,समपुरक अनुदान र विशेष अनुदान परिचालन गर्दा नपुग हुने खुद रकम रू ९ करोड ८३ लाख ३६ हजार आन्तरिक आम्दानीबाट व्यहोरिने छ ।

**आदरणीय सभाध्यक्षज्यू,सभाका सदस्यज्यूहरू:**

अब म आर्थिक वर्ष २०८२/०८३ को राजस्व नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

निरन्तर बढी रहेको सार्वजनिक खर्चको स्रोत व्यवस्थापन गर्न राजस्व प्रणालीलाई समय अनुकुल बनाउन आवश्यक छ । राजस्व चुहावट नियन्त्रण गर्दै राजस्व संकलनलाई प्रभावकारी बनाउन आवश्यक छ । तसर्थ राजस्व प्रणालीलाई प्रभावकारी बनाउन देहाय बमोजिमको उद्देश्य तय गरेको छु ।

(क) आर्थिक क्रियाकलापलाई प्रोत्साहित गर्दै करको दायरा फराकिलो बनाउनु ।

(ख) कर कानुनमा सामायिक सुधार र सरलीकरण गरी स्वेच्छिक कर सहभागिता बढाउनु ।

(ग) राजस्व प्रशासनको दक्षता अभिबृद्धि गरी राजस्व चुहावट नियन्त्रण गर्नु।

(घ) मितव्ययी,पारदर्शी, करदाता मैत्री राजस्व प्रणालीको विकास गर्नु ।

(ङ) अन्तर निकाय समन्वयलाई सुदृढ गरी कर संकलन कार्यलाई थप प्रभावकारी बनाउनु ।

अब म आर्थिक वर्ष २०८२/०८३ को राजस्वसँग सम्बन्धित कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१३.राजस्व प्रशासनको दक्षता र क्षमता अभिबृद्धि गर्दै लगिनेछ ।घुम्ती शिविर मार्फत सम्बन्धित वडाबाट नै राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । गाउँपालिकाको आन्तरिक राजस्व अपेक्षाकृत रूपमा संकलन हुन नसकेको,संङ्घिय सरकार र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान,शर्शत अनुदान,समपुरक अनुदान, विशेष अनुदान मार्फत प्राप्त हुने वित्तिय हस्तान्तरण विगतको वर्ष भन्दा घटन गएको कारणले पुजिंगत खर्चमा चाप बढेको छ ।

१४. चालु आ. व.को पौष मसान्त सम्म सम्पत्ति तथा भुमिकर बुझाउन र चालु आ. व. को असोज मसान्त सम्म व्यवसाय नविकरण गर्न आएमा लाग्ने शुल्कमा प्रोत्साहन स्वरूप दिदै आएको १० प्रतिशत छुटलाइ निरन्तरता दिएको छु ।

१५. जलजला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न,कर लगाउन तथा राजस्व संकलन गर्न र राजस्व प्रशासन सम्बन्धी कानुनी व्यवस्था गर्न प्रस्ताव गरिएको जलजला गाउँपालिकाको आर्थिक विधेयक २०८२, जलजला गाउँपालिकाको सेवा तथा कार्यको लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धी कानुनी व्यवस्था गर्न बनेको जलजला गाउँपालिकाको विनियोजन विधेयक २०८२ यसै साथ पेश गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू,सभाका सदस्यज्यूहरूः**

जलजला गाउँपालिकाको प्रस्तुत बजेट तर्जुमा एवं गाउँसभाको तयारीको क्रममा मार्गदर्शन प्रदान गर्नु हुने सभाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य,विषयगत समितिका संयोजक र सदस्यहरू,गाउँसभाका सदस्यहरू, गाउँपालिकाका विभिन्न शाखामा कार्यरत शाखा प्रमुख तथा सम्पुर्ण कर्मचारीहरू,शिक्षक,राजनितिक दलका प्रतिनिधिहरू बुद्धिजिविहरु नागरिक समाज,पत्रकार मित्रहरू,सुरक्षाकर्मी लगायत सुझाव सल्लाह दिनु हुने सबै प्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु । प्रस्तुत बजेटको कार्यान्वयमा सम्बन्धित सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

धन्यबाद !